त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मिति :- २०८१/०८/१२

विषयः बैठकको निर्णय सार्वजनिक गरिएको ।

यस गाउँपालिकाको कार्यपालिकाको मिति २०८१ मंसिर १० गतेको सातौं बैठकका महत्वपूर्ण निर्णयहरुको संक्षिप्त व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि तपसिल अनुसार सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | • गाउँपालिकाको वडा नं. ३ र ४ मा सञ्चालित चुनढुंगा खानी क्षेत्रमा भैरहेका अन्दोलनल लगायतका कार्यहरु शान्तिपूर्ण ढंगले गर्न अनुरोध गर्ने, खानी प्रभावित क्षेत्रका स्थानीय जनताको माग सम्बोधनको लागि सकारात्मक पहल गर्ने र समस्याको दिगो समाधानको लागि थप कार्य गर्ने । | |
| २ | • प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुनेगरी प्राथमिकतामा रहेका २७ वटा आयोजनामा बजेट विनियोजन गर्ने र ६० जना सूचीकृत बेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगारी दिने । | |
| ३ | • वास योजनाको लागि वडास्तरीय खानेपानी योजनालाई पहिलो, विद्यालयस्तरीय खानेपानी योजनालाई दोस्रो र स्वास्थ्य संस्थास्तरीय खानेपानी योजनाहरुलाई तेस्रो प्राथिमकता दिने । | |
| ४ | • लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानलाई सातवटै वडामा जनचेतनामूलक कार्यक्रम आयोजना गरी मनाउने र सो को लागि प्रति वडा रु १० हजारको दरले रकम उपलब्ध गराउने । | |
| ५ | • मेलको बोटमा नास्पती कलमी गर्ने कार्यक्रमलाई अभियानका साथ अगाडि बढाउने । सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरी रेखदेखको समेत व्यवस्था गर्ने । | |
| ६ | • गाउँपालिकाको प्रशासकीय भवनको रु. ८ करोडको लागत अनुमानलाई स्वीकृत गर्ने, वडा नं. २, ३ र ७ मा आर.सी.सी. कल्भर्ट निर्माणको लागि अपुग हुने रकमको व्यवस्था मिलाउने । | |
| ७ | • वडा समितिबाट शीर्षक संशोधन तथा रकमान्तरको लागि सिफारिस गरिएका योजना तथा कार्यक्रमहरुलाई गाउँसभाको हिउँदे अधिवेशनबाट अनुमोदन हुनेगरी कार्यान्वयन गर्ने । | |
| ८ | • १ नं. वडा समितिबाट शीर्षक संशोधन तथा रकमान्तरको लागि सिफारिस गरिएका योजना तथा कार्यक्रमहरुलाई गाउँसभाको हिउँदे अधिवेशनबाट अनुमोदन हुनेगरी कार्यान्वयन गर्ने । | |
| ९ | • साविकमा यस गाउँपालिकाका स्थायी नियुक्ति भई कामकाजमा सल्यान खटिएका सब-इन्जिनियर पुष्पा चन्दलाई कर्णाली प्रदेशमा पदस्थापनाको लागि सहमति प्रदान गर्ने । | |
| १० | • वडा नं. ७ निवासी शेर बहादुर कामीको घर जलेर नष्ट भएकोले निजलाई घर निर्माणको लागि जस्तापाता खरिद गर्न रु. ५० हजार आर्थिक सहयोग गर्ने । | |
| ११ | • गाउँपालिकामा निर्माणको काम गर्न मेसिन सूचीकृत हुनुपर्ने, निर्माणको कार्य गर्दा सडकलाई क्षेति पुर्याए सम्बन्धित फर्म/मालिकलाई जरिमाना गर्ने । | |

| | | |
|---|---|---|
| १२ | • नेर्पा स्वास्थ्य चौकीमा रात्रीकालिन स्वास्थ्य सेवा व्यवस्थापनको लागि दैनिक ज्यालादारीमा ललित बुढा मगरलाई अ.हे.व. को कामकाजमा लगाउने । | |
| १३ | • वडा नं. ३ र ६ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवनको तला थपको लागि अपुग हुने रकमको स्रोत सुनिश्चित गर्ने । | |

(कविराज बुढा)
प्रवक्ता